14 August, 2026

National News

मुख्य समाचार-

1. ८० औं ँ स्वतन्त्रता दिवसको अवसरमा दिल्लीको ऐतिहासिक लाल किल्लाबाट प्रधानमन्त्री मोदीले गर्नुहुनेछ भोलि राष्ट्रलाई सम्बोधन
2. रक्षामन्त्री राजनाथ सिंहले गर्नुभयो राष्ट्रमंडल खेलकुदका पदक विजयी सेनाका खेलाडीहरूसँग अन्तरक्रिया

3. राष्ट्रले पालन गर्‍यो आज विभाजनको भिभीषीका स्मृति दिवस

4. मन्त्री गिरिराज सिंहको अध्यक्षतामा सम्पन्न बैठकले कपडा क्षेत्रको समग्र विकास र विश्वव्यापी मञ्चमा भारतको स्थिति सुदृढ पार्ने मुद्दाहरूमाथि गर्‍यो छलफल

5. भारतले राहत सामग्रीको पहिलो खेपमा 20 टन मेट्रिक टन राहत सामग्री पठायो कोलोम्बिया

1. राष्ट्रपति-सम्बोधन

देशका राष्ट्रपति द्रोपदी मुर्मूले ८० औं ँ स्वतन्त्रता दिवसको पूर्व सन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नुभयो। सम्बोधनका क्रममा उहाँले देशका नागरिकलाई 80 औँ स्वतन्त्रता दिवसको बधाई टक्र्याउनु भयो। राष्ट्रपतिले 80 वर्षको लामो अवधिमा देशले गरेको विविध क्षेत्रका विकासबारे आवगत गराउँदै देशको प्रगति र अखण्डताका निम्ति सम्पूर्ण नागरिकलाई प्रेम पूर्वक विकसित भारत निर्माण गर्न एकजुठ बन्न अपील गर्नुभयो।

2.प्रधानमन्त्री-80औँ स्वतन्त्रता दिवस

देशले भोलि आफ्नो ८० औं ँ स्वतन्त्रता दिवस मनाउँदैछ। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले दिल्लीको ऐतिहासिक लाल किल्लामा राष्ट्रध्वाज उत्तोलन गर्नुहुनेछ। साथै, उहाँले राष्ट्रलाई पनि सम्बोधन गर्नुहुनेछ।
स्वतन्त्रता दिवसका अवसरमा भारतीय वायु सेनाका दुई एमआई-१७ हेलिकप्टरले कार्यक्रम स्थलमा फूल बर्साउनेछन्। यस सम्बन्धमा सुन्नुहोस् संवाददाताको

3. राजनाथ सिंह - रक्षा राष्ट्रमंडल खेलकुद

रक्षामन्त्री राजनाथ सिंहले आज ग्लासगो राष्ट्रमंडल खेलकुदमा पदक विजेता सेनाका खेलाडीहरूसँग अन्तरक्रिया गर्नुभयो। सेनाका खेलाडीहरूले आठवटा स्वर्ण, सातवटा रजत र एउटा कांस्य सहित कुल १६ वटा पदक जिते। रक्षामन्त्रीले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा देशको गौरव बढाउन भारतीय रक्षा बलको दृढ इच्छाशक्ति र दृढ संकल्पको प्रशंसा गर्नुभयो। उहाँले यी खेलाडीहरू युवाहरूका लागि प्रेरणाको स्रोत हुन् भन्नुभयो।

महिला बक्सरहरूले जितेका चारवटा स्वर्ण पदकहरूको बारेमा, रक्षामन्त्रीले भन्नुभयो यस उपलब्धिले धेरै युवतीहरूलाई खेलकुदमा लाग्न र रक्षा बलमा सामेल हुन प्रेरित गर्नेछ।

4. गिरिराज सिंह - बैठक

वस्त्र मन्त्री गिरिराज सिंहले आज नयाँ दिल्लीमा कपडा क्षेत्रको समग्र विकास र विश्वव्यापी मञ्चमा भारतको स्थिति सुदृढ पार्ने मुद्दाहरूमाथि छलफल गर्न एउटा बैठकको अध्यक्षता गर्नुभयो। सामाजिक सञ्जाल पोस्टमा, श्री सिंहले बैठकको क्रममा कपडा क्षेत्रको वृद्धिमा नयाँ गति प्रदान गर्ने तरिका साथै नवप्रवर्तन, प्रविधि, दिगो विकास, निर्यात, लगानी र रोजगारीलाई प्रवर्द्धन गर्ने विविध विषयमाथि छलफल गरेको बताउनु भयो।

5. नितिन नवीन - विभाजन दिवस

आज विभाजनको भिभीषीका स्मृति दिवस हो। यस अवसरमा, राष्ट्रले १९४७ को विभाजनको समयमा आफ्नो ज्यान गुमाउने र असहनीय पीडा भोग्ने सबैलाई स्मरण गरिरहेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले विभाजनबाट प्रभावित सबैका सहासको स्मरण गर्नुभयो। गृहमन्त्री अमित शाहले 14 अगस्त 1947 लाई ईतिहासको सबैभन्दा क्रुर अध्यायहरूमा एउटा बताउनु भयो।

भारतीय जनता पार्टीका अध्यक्ष नितिन नवीनले आज विभाजन विभीषिका स्मृति दिवस विभाजनको समयमा आफ्नो जीवन बलिदान गर्ने, प्रियजन गुमाउने र भाग्न बाध्य भएकाहरूलाई सम्झने अवसर भएको बताउनु भयो। हरियाणाको गुरुग्राममा विभाजन विभीषिका स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै श्री नवीनले प्रियजन गुमाउने र विस्थापनको पीडा भोग्ने सबै परिवारहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो।

## 6. स्वतन्त्र दिवस-पदक

सरकारले स्वतन्त्रता दिवसको अवसरमा प्रहरी, अग्निशमन सेवा, होमगीर्ड र नागरिक सुरक्षा तथा सुधार सेवाका १०५७ जना कर्मचारीहरूलाई वीरता तथा सेवा पदक प्रदान गर्ने

सरकारले स्वतन्त्रता दिवसको अवसरमा प्रहरी, अग्निशमन सेवा, होमगीर्ड र नागरिक सुरक्षा तथा सुधार सेवाका १०५७ जना कर्मचारीहरूलाई वीरता तथा सेवा पदकहरूको घोषणा गरेको छ। विदेश मन्त्रालयले आज ३०१ वीरता पदकहरूको सूची जारी गरेको छ। यसमा प्रहरी कर्मचारीहरूका लागि २७२ र अग्निशमन सेवा कर्मचारीहरूका लागि २९ वटा समावेश छन्। यसबाहेक, विशिष्ट सेवाका लागि कुल ९२ राष्ट्रिय पदकहरूको पनि घोषणा गरिएको छ। ६६४ उत्कृष्ट सेवा पदकहरू प्रदान गरिनेछ।

## 8. स्वतंत्रता दिवस - दिल्ली मेट्रो

भोलि, स्वतन्त्रता दिवसको अवसरमा, दिल्ली मेट्रो सेवाहरू सबै टर्मिनल स्टेशनबाट बिहान ४ बजे सुरु हुनेछन्। दिल्ली मेट्रो रेल कर्पोरेशनले यो व्यवस्था स्वतन्त्रता दिवस समार ोहमा उपस्थित हुने विशेष आमन्त्रित अतिथिगण र जन साधारणको सुविधाक ा लागि गरिएको बताएको छ। नियमित सेवा पुनः सुरु नभएसम्म सबै मेट्रो लाइनहरूमा प्रत्येक ३० मिनेटमा रेलहरू चल्नेछन्। लाल किल्ला, जामा मस्जि िद र दिल्ली गेट मेट्रो स्टेशनहरू स्वतन्त्रता दिवस समारोह स्थलहरूको सबैभन्दा नजीकमा पर्छन्।

## 9. राष्ट्रिय मानव अधिकार आयोग

यस वर्षको जनवरीदेखि मई महिनासम्ममा १९ जना केन्द्रीय रिजर्भ पुलिस बल (CRPF) का कर्मचारीहरूको आत्महत्याका आरोपमा राष्ट्रिय मानव अधिकार आयोग (NHRC) ले केन्द्रीय गृह सचिव र CRPF का महानिर्देशकलाई सूचना जारी गरेको छ। घटनाको स्वीकृति लिँदै आयोगले दुई हप्ता भित्र यस विषयमा विस्तृत प्रतिवेदन माग गरेको छ। मिडिया रिपोर्टका अनुसार, विगत पाँच वर्षमा २८१ जना CRPF कर्मचारीले आत्महत्या गरेका छन्।

## 10. गृह मन्त्रालय - जनगणना

गृह मन्त्रालय अन्तर्गत भारतको रजिस्ट्रार जनरल कार्यालयले जनगणना २०२७ का लागि घरपरिवार अनुसूची प्रश्नावली अधिसूचित गरेको छ। यसमा अभिभावकको विवरण, आधार, मोबाइल नम्बर, बैंक खाताको कुल संख्या, रोजगारका लागि यात्रा, धर्म र जाति सहित ४० प्रश्नहरू छन्।

जनगणना शासन व्यवस्थका लागि एउटा महत्त्वपूर्ण उपकरण हो। यसले आगामी दशकका लागि देशको विकास योजनाहरूको आधार प्रदान गर्दछ। अन्तिम जनगणना २०११ मा गरिएको थियो।

## 11. प्रधानमन्त्री विश्वकर्मा - विशेष अतिथिहरू

सरकारले दिल्लीको लाल किल्लामा ८० औँ स्वतन्त्रता दिवस समारोह हेर्न राष्ट्रिय राजधानी क्षेत्र दिल्लीका प्रधानमन्त्री विश्वकर्मा योजनाका १०० जना लाभार्थीहरूलाई "विशेष अतिथि" का रूपमा आमन्त्रित गरेको छ। सूक्ष्म, साना तथा मझौला उद्यम मन्त्रालय (MSME) का लाभार्थीहरूलाई सम्मान र प्रशंसाको प्रतीकको रूपमा स्मारक उपहारहरू प्राप्त गर्ने बताएको छ।

निमन्त्रित लाभार्थीहरू प्रधानमन्त्री विश्वकर्मा योजना अन्तर्गत समेटिएका १८ परम्परागत पेशाहरूसँग सम्बन्धित छन्। यसमा दर्जी, सिकर्मी, सुनार, लोहार, ताला बनाउने र अन्य कारीगरहरू समावेश छन्।

## 12.भारत-कोलम्बिया सहायता

भूकम्पपछिको राहत कार्यमा सहयोग पुर्याउन भारतले २० मेट्रिक टन राहत सामग्री कोलम्बिया पठाएको छ। विदेशमन्त्री डा. एस. जयशंकरले सामाजिक सञ्जालमा पोस्ट गर्दै उक्त सहायतामा औषधि, चिकित्सा उपकरण, अस्थायी आश्रय र सरसफाइ सहयोग, तथा विपद्पछिको अन्य आवश्यक सामग्रीहरू समावेश रहेको जनाउनु भएको छ। उहाँले भारत यस कठिन समयमा कोलम्बियाका जनतासँग ऐक्यबद्धतामा उभिएको बताउनु भयो।

## 13. पश्चिम बंगालका बंगलादेशी पक्राउ

पश्चिम बंगालको मुर्शिदाबाद जिल्लाको लालगोला प्रहरी चौकी अन्तर्गत बालीग्राम क्षेत्रबाट प्रहरीले सात जना शंकास्पद बंगलादेशी नागरिकलाई पक्राउ गरी हिरासत केन्द्रमा पठाएको छ। ती सात जनालाई हिजो पक्राउ गरिएको थियो।

प्रहरीका अनुसार, तिनीहरू बंगलादेशको राजशाही जिल्लाका विभिन्न क्षेत्रका बासिन्दा हुन्। केही महिनाअघि उनीहरू भारत-बंगलादेश सीमा हुँदै अवैध रूपमा भारत प्रवेश गरेको र पछि कामको खोजीमा दक्षिण भारत गएको आरोप छ।